दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २६१ | बुटवल | २०८२ असोज ०१ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday September 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# अन्तरिम सरकारबाट के चाहन्छ निजी क्षेत्र ?

**तोडफोड र आगजनीमा संलग्नलाई कानुनी कारबाही गरेर भविष्यमा यस्तो अराजकता र विध्वंश गर्ने आंट कसैले गर्न नसक्ने विश्वास सरकारले दिलाउनुपर्ने अन्यथा निजी क्षेत्र माथि उठ्न नसकी लगानी पलायन हुने सचेत गराएका छन् ।**

**टिआर शर्मा**

*बुटवल*

जेनजी युवा-विद्यार्थीको आन्दोलनको बलमा बनेको अन्तरिम सरकारले शान्ति सुरक्षाको प्रत्याभूति दिएर व्यवसायिक वातावरण बनाउनुपर्ने निजी क्षेत्रका अगुवाले माग गरेका छन् । व्यवसायी र रोजगारदातालाई निरूत्साहित बन्न नदिने काम सरकारको उच्च प्राथमिकतामा पर्नुपर्ने उनीहरूको माग छ ।

प्रधानमन्त्रीमा शुसीला कार्कीदेखि अर्थमन्त्रीमा रामेश्वर खनाल, भौतिक पूर्वाधार विकास र कूलमानलाई उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री तथा गृह र कानुन मन्त्रीमा ओमप्रकाश अर्याल सबैजना स्वच्छ छवि र विषयविज्ञ भएकाले राम्रो काम हुनेमा निजी क्षेत्र आशावादी बनेको छ ।

बिना गल्ती अनाहकमा अकल्पनीय क्षति ब्यहोर्नुपरेको तथ्यलाई मनन् गरी सरकारले ब्याज तिरिदिने गरी व्यवसायीले बैंकबाट निर्ब्याजी कर्जा पाउने व्यवस्था सरकारले मिलाउनुपर्ने पनि उनीहरूको माग छ । २०४६ सालयता भएका विभिन्न आन्दोलनमा निजी र सार्वजनिक सम्पत्ति तोडफोड र आगजनीमा संलग्नलाई कारबाही नहुँदा यसपटक झन् ठूलो क्षति ब्यहोर्नुपरेकाले दोषी पत्ता लगाएर कानुनी कारबाही हुनैपर्ने निजी क्षेत्रको माग छ ।

व्यक्तिले वर्षौं दुःख, मेहनत गरेर वैधानिक ढंगले आर्जन गरेको सम्पत्तिमाथि गलत सूचना र पूर्वाग्रहका आधारमा कसैले पनि क्षति पुऱ्याउन जानु हुँदैन भन्ने शिक्षा युवा विद्यार्थीलाई दिन पनि उत्तिकै आवश्यक रहेको निजी क्षेत्रका अगुवाहले औंल्याएका छन् ।

**शान्ति सुरक्षाको प्रत्याभूति पहिलो शर्त : शर्मा**

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले आन्दोलनका क्रममा निजी व्यवसायमा तोडफोड र आगजनीबाट भएको निकै ठूलो क्षति ब्यहोर्नुपर्दा निजी क्षेत्रको मनोबल गिरेकाले शान्ति सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने माग गरे । अब अन्य क्षेत्रभन्दा विदेशी पर्यटक भित्राउन प्राथमिकता दिनुपर्ने, सीमा नाकाबाट हुने तस्करी र भन्सार छली रोक्नुपर्ने, वैदेशिक हवाई टिकटमा भ्याट हटाई सहुलियत दिनुपर्ने शर्माको सुझाव छ । 'आन्दोलनमा भएको आगजनीले सिंगो निजी क्षेत्र बिचलित भएको छ, मनोबल गिरेको छ, सशंकित भएको छ, लगानीको वातावरण बिग्रेको छ,' शर्माले भने-'प्रहरी कार्यालयहरू पुनस्थापित भएका छैनन्, उद्योगी व्यवसायी आफ्नो कार्यस्थलमा जान सकेका छैनन्, त्यसैले सरकारको पहिलो प्राथमिकता सबैलाई सुरक्षाको प्रत्याभूति दिने हुनुपर्छ ।'

अध्यक्ष शर्माले सरकारले डेडिकेटेड र ट्रंकलाइन महसुल विवादलाई फेरि ब्युँताएर औद्योगिक वातावरण बिगारेकाले यसमा पुनर्विचार गर्नुपर्ने सुझाए । 'यसमा पुनर्विचार नगर्ने हो भने उद्योगीहरू नेपालमा रहने अवस्था हुन्न, लगानी विदेश पलायन हुन्छ ।'-शर्माले भने ।

**नेपाल छिट्टै उठ्नसक्छ भन्ने सन्देश दिनुपर्छ : पोखेल**

चेम्बर अफ कमर्स लुम्बिनीका अध्यक्ष टंकप्रसाद पोखरेलले व्यक्ति लक्षित गरी निजी घर र व्यवसायमा क्षति पुऱ्याउनेलाई कारबाहीको दायरामा ल्याउन र सजाय दिन माग गरेका छन् । २०४६ सालदेखि नै यस्ता गैरकानुनी र विध्वंस मच्चाउने घटनामा संलग्नहरूले सजायबाट उन्मुक्ति पाएकै कारण अहिले निजी क्षेत्रले अकल्पनीय क्षति ब्यहोर्नुपरेको पोखरेलले औंल्याए । 'विगतमा पनि यस्ता विध्वंश भएका थिए, तर कारबाही गरिएन, त्यसैले अहिले झन् ठूलो क्षति र पीडा बेहोर्नुपरेको छ, कैयौं घरबारविहीन भएर सडकमा पुगेका छन्, कैयौं बैंकको ऋणले डुब्ने भएका छन्,' पोखरेल भन्छन्-'यसपटक दोषीलाई कारबाही हुनैपर्छ र व्यक्तिले दुःख, मेहनत गरेर वैधानिक ढंगले आर्जन गरेको सम्पत्तिमाथि कसैले पनि गलत सूचना र पूर्वाग्रहका आधारमा क्षति पुऱ्याउन हुँदैन भन्ने शिक्षा युवा विद्यार्थीलाई दिन पनि उत्तिकै आवश्यक छ ।' पोखरेलले जेनजीको मागअनुसार भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति दिलाउँदै बाह्य लगानी आकर्षित गरी नेपाल संकटबाट छिट्टै माथि उठ्न सक्छ भन्ने सन्देश दिन अपरिहार्य रहेको सुझाए । व्यवसायी र रोजगारदातालाई निरूत्साहित बन्न नदिने काम सरकारको उच्च प्राथमिकतामा पर्नुपर्ने उनको माग छ । पालिका, सांसद र मन्त्रीको संख्या घटाउने तथा प्रदेश संचरना खारेजतर्फ पनि सरकारले संवैधानिक विकल्प खोज्नुपर्ने पोखरेलको सुझाव छ ।



**व्यवसायीलाई पलायन हुनबाट रोक्नुपर्छ : आलम**

नेपाल उद्योग परिसंघ लुम्बिनीका अध्यक्ष एजाज आलमले जेन जी आन्दोलनका नाममा निजी उद्योग-व्यवसायमा भएको अर्बौं क्षतिले मुलुकमा औद्योगिक र व्यवसायिक सुरक्षा नभएको निश्कर्षमा पुगेका र ठूलो पीडामा रहेकाले उनीहरूलाई विश्वास दिलाउन सक्नुपर्ने औंल्याए । यथाशीघ्र अर्थतन्त्र चलायमान बनाउँदै तोकेको मितिमा चुनाव हुने विश्वास दिलाउन नसके उद्योगी व्यवसायी विदेश पलायन हुने खतरा रहेको आलमले बताए ।

'व्यवसायमाथि भएको आक्रमणले गिरेको उद्योगी-व्यवसायीको मनोबल सरकारले बढाउनुपर्छ, पलायन हुने अवस्था छ, पलायन हुनबाट रोक्नपर्छ,' आलमले भने-'अघिल्लो सरकारले बजेटमा उद्योग-व्यवसाय क्षेत्रमा गरेका सहुलियतका व्यवस्था यथावत कार्यान्वयन गर्नुपर्छ ।'

**खरिद ऐन कानुन तत्काल संशोधन : अर्याल**

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले खरिद ऐनको आडमा हुने वैधानिक भ्रष्टाचार अन्त्य गर्न तत्काल खरिद ऐन संशोधनलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने सरकारलाई सुझाएका छन् ।

लाभका पदमा निर्वाचित वा नियुक्ति भएका र निजामती, जंगी र प्रहरी सेवाका सबै तहका व्यक्तिको सम्पत्ति उच्चस्तरीय छानबिन आयोगमार्फत् छानबिन गराई अवैध धन सम्पत्ति जफत वा राष्ट्रियकरण गर्न अर्यालको सुझाव छ ।

जनसरोकारका सरकारी कार्यालय वा निकायलाई छिटोछरितो, जवाफदेही र जिम्मेवार बनाउनु पर्ने र निजी क्षेत्रको मनोबल उच्च हुने गरी नीतिगत सुधारको सुनिश्चितता हुनुपर्ने अर्यालको माग छ ।

प्रधानमन्त्री र मन्त्रीहरू स्वागत, सम्मान, सभा/समारोह उद्घाटन जस्ता कार्यक्रममा सहभागी नभइ फागुन २१ को चुनाव सम्पन्न गर्न केन्द्रित हुनुपर्ने उनको सुझाव छ ।

**पर्यटनलाई प्राथमिकतामा राख्नुपर्छ : गौचन**

नेप्लिज होटेलियर्स एशोसिएसन लुम्बिनीका उपाध्यक्ष दिलिप गौचनले सरकारले पर्यटनलाई प्राथमिकता दिनुपर्ने सुझाएका छन् । जेनजी आन्दोलनका क्रममा आन्दोलनकारीले विदेशी पर्यटकलाई सम्मानजनक व्यवहार गरेर सकारात्मक सन्देश दिएका र नेपालमा तुलनात्मक लाभका हिसाबले पनि पर्यटनमा सम्भावना रहेकाले सरकारले प्राथमिकता दिनुपर्ने गौचन बताउँछन् । भारतीय र विदेशी पर्यटक नेपाल आउँदा चाहे जति रकम खर्च गर्न पाउनुपर्ने नीतिगत व्यवस्था र होटललाई उद्योग सरह मान्यता दिएर विद्युत् महसुलमा छुटलगायत सुविधा दिनुपर्ने उनको माग छ ।

**भैरहवा विमानस्थल चलाउनुपर्छ : आचार्य**

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले अर्बौं लगानी भएको गौतमबुद्ध विमानस्थल र पोखरा विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउनुपर्ने सुझाए । ठूलो लगानी भएका यी विमानस्थल नचल्नु, महिनौंदेखि आन्दोलनमा उत्रिनुपरेको र अर्कोतिर निर्माणमा ठूलो भ्रष्टाचार भएको विषय समेत उठ्दा सबैतिर निराशा र आक्रोश छाएकाले तत्काल यी विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुचारू गर्नेतर्फ सरकार संवेदनशील हुनुपर्ने आचार्यको सुझाव छ ।

'भैरहवाको विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन नदिन काठमाडौं केन्द्रित सीमित व्यवसायिक घरानाको दबाब र प्रभावमा सरकार फसेको भन्ने छ, यसलाई चिर्न र गलत सावित गर्न यो सरकारले तत्काल देखिने गरी काम गर्नुपर्छ,' आचार्यले भने-'विमानस्थलबाट पर्याप्त अन्तर्राष्ट्रिय उडान नभए फेरि पनि आन्दोलन हुन्छ ।'

**क्षति व्यहोरेका व्यवसायीलाई विना ब्याज ऋण : श्रेष्ठ**

सिद्धार्थ होटेल एशोसिएसनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले आन्दोलनका क्रममा क्षति व्यहोरेका व्यवसायीलाई विना व्याज बैंकबाट कर्जा पाउने व्यवस्था मिलाइदिन माग गरेका छन् । विना गल्ती अनाहकमा अकल्पनीय क्षति व्यहोर्नुपरेको तथ्यलाई मनन् गरी सरकारले ब्याज तिरिदिने गरी व्यवसायीले कर्जा पाउने व्यवस्था सरकारले मिलाउनुपर्ने श्रेष्ठको माग छ ।

'व्यवसायीलाई सरकार हाम्रो साथमा छ, हाम्रो पीडा बुझ्छ भन्ने महसुस गराउन यति काम गर्नैपर्छ, यसले व्यवसायीको मनोबल माथि उठ्छ, सरकारप्रति विश्वास बढ्छ ।'-श्रेष्ठले भने ।

**पाँच सय र एक हजारको नोट प्रतिबन्ध : पौडेल**

व्यवसायी शशिधर शर्मा पौडेलले अर्थतन्त्र चलायमान बनाउन पाँच सय र एक हजार दरका नोटमा प्रतिबन्ध लगाउन अन्तरिम सरकारलाई सुझाएका छन् । ठूलो मात्रामा 'कालो धन' नेता र कर्मचारीका घरमा रहेको दाबी गर्दै पौडेलले यसलाई वैध बनाउन सरकारले सार्वजनिक सूचना निकालेर ८० प्रतिशत राज्यले लिने र २० प्रतिशत सम्बन्धित व्यक्तिलाई दिने व्यवस्था गरेमा हाल आगजनीले ध्वस्त संरचना बनाउन लाग्ने खर्च जुट्ने तर्क गरे । स

बै तहका कर्मचारीलाई कार्य सम्पादनको आधारमा करार अवधि थप्दै जाने, तर स्थायी गर्न नहुने उनको सुझाव छ । शान्ति सुरक्षासँग सम्बन्धितबाहेक जिल्ला तहका सबै संरचना स्थानीय तहमा ल्याउन, प्रदेश संरचनाका कामकाज चुनावपछिको नयाँ सरकार नबन्दासम्म स्थगित गर्नुपर्ने उनको माग छ ।

## भ्रष्टाचार छानबिन आयोग बन्ने, मन्त्री ११ जना

बुटवल । प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रीहरूको संख्या ११ जनाभन्दा नबढाउने गरी मन्त्रिपरिषद् विस्तार गर्ने भएकी छन् । उनले अब बन्ने मन्त्रीहरू पनि कुनै राजनीतिक पार्टी र त्यससम्बद्धलाई नराख्ने उल्लेख गरेकी छन् । बीबीसी नेपाली सेवालाई दिएको विशेष अन्तर्वार्तामा प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद्को संरचनाबारे उल्लेख गरेकी छन् ।

'मन्त्रिपरिषद् करिब १० देखि ११ भन्दा नराख्ने र कसको के क्षमता छ त्यो अनुसार हेरेर दिने हो ।'-उनले भनिन् । उनले तीन जना मन्त्री बनिसकेकोले अब थपिने मन्त्रीहरूमा समावेशिता झल्किने गरी व्यक्ति खोजिने जानकारी दिइन् । 'पोलिटिक्समा नरहनु भएका नन् पोलिटिकल र कुनै संस्थामा काम गरेकाहरूलाई ल्याउँछौं, त्यस्ता मान्छे खोजिभइरहेको छ ।'- उनले भनेकी छन् । राजनीतिक आबद्धता भएका व्यक्ति मन्त्रिपरिषद्मा राख्दा चुनावको काममा फोकस नहुने भएकाले चुनाव नलड्ने व्यक्तिलाई मन्त्री बनाउने उनले बताइन् ।

कार्कीले भ्रष्टाचार छानबिनका लागि छुट्टै आयोग बनाउने जानकारी दिएकी छन् । आन्दोलनको म्याण्डेट नै भएकाले यो आयोग आवश्यक पर्ने उनले उल्लेख गरेकी छन् । उक्त आयोगले अनसुन्धान गरेर अर्को सरकारका लागि सहज हुने आधार तयार गरिदिने उनले बताइन् । 'कति भ्रष्टाचार भएको छ । अनियमितिता भएको छ त्यसको अनुसन्धान गरेर भए पनि हामीले कारबाही गर्नेसम्म मात्र पुऱ्यायौं भने सरकारले काम गर्न सक्छ । तर हामी बाटो चाहिँ बनाउँछौं ।'- बीबीसी नेपालीलाई दिएको अन्तर्वार्तामा प्रधानमन्त्री कार्कीले भनिन् ।

जेनजी आन्दोलनको दमन जाँचबुझका लागि तीन सदस्यीय आयोग बन्ने र सुरुमा एक महिनाको समय दिने र नसकिएको अवस्थामा थप १५ दिन समय उपलब्ध गराउने जानकारी उनले दिएकी छिन् । मन्त्रिपरिषद्को बैठकले आयोग बनाउने सैद्धान्तिक निर्णय गरेको छ ।

## जनार्दनले मागे प्रचण्डको राजीनामा



बुटवल । नेकपा माओवादी केन्द्रका उप-महासचिव जनार्दन शर्माले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको राजीनामा मागेका छन् । पार्टीभित्र केही समयदेखि रूपान्तरणको कुरा गर्दै आएका शर्मा जेनजी आन्दोलनपछि नेतृत्वको औचित्य नरहेको निष्कर्षमा पुगेका हुन् ।

जेनजी युवा आन्दोलनले पुराना पार्टी र तिनको नेतृत्वको औचित्य नै नरहेको भन्दै पुनर्गठनको बहस चलिरहेका बेला आन्दोलनले सकारात्मक सन्देश दिएकाले पार्टी नेतृत्व अब परिवर्तन हुनुपर्ने उनको धारणा छ ।

यस विषयमा उनले पार्टी पंक्तिमा छलफल समेत चलाउन सुरु गरेका छन् ।

छलफलमा सहभागी एक कार्यकर्ताले नेता शर्मासँगको भनाइ उद्धृत गर्दै जेनजी आन्दोलनले थिग्रिएको भ्रष्टाचारयुक्त राजनीति र संस्कृतिमाथि प्रहार गरेको छ, नयाँ नेतृत्व खोजेको छ, त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ भन्दै जनार्दनले अहिलेको परिस्थितिमा पार्टीको मूल नेतृत्वले तत्काल राजीनामा दिनुपर्ने माग गरेका थिए ।

भ्रष्टाचार र सुशासनका मागसहित जेनजी युवाहरूले सामाजिक सञ्जालमार्फत् अभियान चलाएर भदौ २३ गते काठमाडौंमा प्रदर्शन आयोजना गरेका थिए ।

माइतीघरतर्फबाट नयाँबानेश्वरतर्फ प्रस्थान गरेको युवाहरूको जुलुश नयाँबानेश्वरको प्रहरी घेरा तोड्दै संसद् भवन पुगेपछि हिंसात्मक बनेको थियो । त्यसको भोलिपल्ट प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भएका थिए ।

जतातत्तै आगजनी र झडप भएपछि नेपाली सेनाले राष्ट्रपति रामचन्द्र पौडेलसहित, प्रधानमन्त्री केपी शर्मा ओली र सबैजसो राजनीतिक दलका शीर्ष नेता तथा मन्त्रीहरूलाई हेलिकप्टरमार्फत् उद्धार गरेको थियो ।जेनजी आन्दोलनपछि मंगलबार पहिलोपटक सार्वजनिक भएका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पार्टी केन्द्रीय कार्यालय अवलोकन गरेका छन् ।पार्टी शीर्ष नेताहरूको कार्यशैली, जीवनशैली र नेतृत्वमा प्रश्न उठाउँदै आएका जनार्दनले जेनजी आन्दोलनले लोकतन्त्र, नेतातन्त्र, कमिसनतन्त्र र दलालीका सबै पाटापक्ष उजागर गरेकाले अब देशलाई नयाँ ढंगले अगाडि बढाउने बाटो खोलेको जनाएका छन् ।

त्यसैले वर्तमान सरकारलाई सहयोग गर्दै निर्वाचनमा जाने वातावरण बनाउनुपर्नेमा उनले जोड दिएका छन् ।

पूर्वप्रधानन्यायाधीश शुसीला कार्की नेतृत्वको अन्तरिम सरकारले ताजा जनादेशका लागि आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन गराउने निर्णय गरिसकेको छ ।

जनार्दनले पार्टीभित्र सम्पत्ति छानबिनबारे विगतदेखि राखेको माग कार्यान्वयन गर्न स्वतन्त्र व्यक्तिको नेतृत्वमा आयोग गठन गर्नुपर्ने जनाएका छन् ।

» बाँकी ३ पेजमा


प्रो. मञ्जु एण्ड सन्स्

फोन: ०७१-५३५३१७

९८५७०६०३६८, ९८५७०६०३८४

न्यू कुमकुम ज्वेलर्स

वि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित

पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

## सम्पादकीय

# दलहरूको सकारात्मक प्रतिक्रिया

प्रतिनिधिसभा विघटन भएको विषयलाई असंवैधानिक मान्दै आएका दलहरुले तोकिएको मितिमा चुनाव गराएर संविधानलाई ठिक विन्दुमा ल्याउनुपर्ने बताएका छन् । प्रमुख दलहरु प्रतिनिधिसभा विघटनको मुद्दामा अल्भ्केर चुनावलाई ओझेलमा पार्न सक्ने चिन्ता बढिरहेका बेला दलहरुको प्रष्ट धारणा आएको छ। दलहरुको यो धारणाले खल्बलिएको लोकतन्त्रलाई सही विन्दुमा फर्काउन सघाउ पुऱ्याउन सक्छ।

राष्ट्रपति रामचन्द्र पौडेलले पूर्व प्रधानन्यायाधीश शुसीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेपछि असन्तुष्ट दलहरु आगामी फागुन २१ गते चुनाव गर्ने गरी प्रतिनिधिसभा विघटन गरेपछि झनै रुष्ट भए । प्रधानमन्त्रीमा शुसीला कार्कीको नियुक्ति संविधानको कुनै धाराले नचिन्ने दलहरुको मत गलत होइन्, तर युवाको विद्रोहको बलमा नयाँ सरकार गठन भएकाले संवैधानिक पद्दतिभन्दा पनि आवश्यकताको सिद्धान्तका आधारमा सरकार गठन भएको मान्न सकिन्छ। प्रतिनिधिसभा विघटनको विषयलाई विगतमा अदालतले असंवैधानिक भनेकाले आगामी दिनमा पनि प्रतिनिधिसभा विघटनको विषय न्यायिक निरुपणमा पर्न सक्छ । अहिले जसरी संवैधानिक प्रक्रिया र मर्म खल्बलिएको छ, यो अवस्थाबाट मुलुकलाई मुक्त गर्ने उपाय भनेकै तोकिएको मितिमा निष्पक्ष र भयरहित चुनाव हो । त्यो चुनावले नै लोकतन्त्र र संविधानलाई पुनर्स्थापित गर्न सक्छ । संविधान नै खारेज हुने विन्दुबाट संविधानका केही धारा निलम्बनको अवस्थामा आउनुलाई पनि तत्काल उपलब्धि नै मान्नुपर्ने हुन्छ। सरकार गठनका सन्दर्भमा राष्ट्रपतिभन्दा सेना प्रमुखको सक्रियता र त्यो सक्रियतामा दुर्गा प्रसाईंलगायत विभिन्न व्यक्तिको अस्वभाविक सक्रियतालाई किनारा लगाएर अन्ततः राष्ट्रपतिले अगुवाइ गर्ने विन्दुमा आइपुग्नुलाई पनि ठूलो क्षति हुनबाट जनआन्दोलनका उपलब्धि बचेको मान्न सकिन्छ।

राष्ट्रपतिका सामु विकल्प साँघुरिंदै गएका बेला जे निर्णय लिए, ती निर्णयप्रति प्रतिक्रियात्मक हुनुभन्दा घोषित मितिमा चुनाव सम्पन्न गर्न सघाउने र वातावरण बनाउने अभियानमा दलहरुले केन्द्रित गर्नुपर्छ, जुन कामका लागि उनीहरुको सकारात्मक प्रतिक्रियाले उनीहरु यो व्यवस्था जोगाउन जिम्मेवार छन् भन्ने सन्देश प्रवाह भएको छ । नवयुवाको विद्रोहको बहुआयामिक कारण होलान्, आन्तरिक र बाह्य कारणको खोजी पनि हुँदै जाला। बदँलिदो विश्व र त्यसले नेपालको राजनीतिमा पारेको प्रभावको असरका बारेमा पनि पक्कै समीक्षा होला । मुलुकको राष्ट्रिय स्वाधीनता जोगाउन र समुन्नत भविष्यका लागि नव युवाको विद्रोह र यो सँगै जोडिएका पक्षका बारेमा दलहरुले विश्लेषण गरी आफूलाई रूपान्तरण गर्न जति छिटो तयार हुन्छन्, आगामी चुनावमा उनीहरुप्रति जनताको आकर्षण कायमै रहन्छ। मिशन ८४ को तयारी गरेका दलहरुका लागि आगामी ६ महिनाभित्र चुनावमा जानुपर्ने बाध्यता चुनौतीपूर्ण भए पनि लोकतान्त्रिक प्रणाली र संविधानलाई जोगाउनु महत्वपूर्ण छ।

# आन्दोलनले दिएको युगान्तकारी परिवर्तनको अवसर


डा. डीबी कट्टेल

मुलुकमा समयले ल्याएका परिवर्तनबाहेक अन्य अनुभव हामीले गर्न पाएका छैनौँ। दक्ष जनशक्तिको ठुलो हिस्सा विदेशतिरै छ। परिश्रमी हातहरू खाडीमा पसिना बगाउन बाध्य भएका छन्। गाउँघर रित्तिएका छन्। जग्गा-जमिन बाँझो हुँदै गएका छन्। रह्यो विकासको कुरा, सडक आउनु, सञ्चार क्षेत्रमा परिवर्तन हुनु, ठुल्ठुला हस्पिटल बन्नु मेरो बुझाइमा विकास होइन। यो त समयसँगै आएको परिवर्तन हो। मुलुक त्यो बेला समृद्ध हुन्छ जब एउटा सामान्य नागरिकले उपचार नपाई अकालमा मर्नुपर्दैन, तिनका सन्तानले सहज रूपमा गुणस्तरीय शिक्षा पाउँछन् र जीवीकोपार्जनका लागि रोजगारी सहज हुन्छ। बलात्कार र हत्याका घटना बढ्दो क्रममा रहेको बारम्बार सुनिन्छन्। नागरिक सुरक्षाको प्रत्याभूति अझै हुन सकेको छैन।



यो एउटा पोखिनुपर्ने आक्रोश थियो- पोखियो। ०४६ पछि धेरै वितृष्णा थिए। म पनि तिनै वितृष्णा र बिचमा निस्किएका द्वन्द्वसँगै हुर्किएको एउटा नेपाली नागरिक हुँ। ठुलो परिवर्तन हुनु आवश्यक थियो, भयो। तर, यो पनि भुल्नुहुन्न कि यो परिवर्तन ०४६ को परिवर्तनकै देन हो। आजको लोकतन्त्र नै हो ०४६ को देन हो भन्दा फरक पर्दैन।

ठुला-ठुला परिवर्तनमा मानवीय र भौतिक क्षति हुनु अस्वाभाविक होइन, तर निर्दोष दर्जनौँ बालक र युवा मारिनु भने तत्कालीन राज्य नेतृत्वकर्ताको क्रूरता र बर्बरता नै हो। र, अर्कातर्फ नेतृत्व गरिरहेकाहरूले घुँडा टेकिसकेपछि यति धेरै राष्ट्रिय सम्पत्ति ध्वस्त पारिनु, दस्ताबेजलाई निमिट्यान्न गरिनुचाहिँ अत्यन्त दुःखद हो। यस घटनाले मुलुक कहीँ कतै गलत दिशातर्फ डोरिने त होइन भन्ने शंका पनि उब्जाएको छ। किनकि राज्यसञ्चालनका लागि अत्यावश्यक महत्वपूर्ण सम्पदा ध्वस्त भएका छन्।

मेरा दुई सन्तान पनि यही जेनेरेसनका हुन्। पटक-पटक सोध्छन्- तपाईं कुनै पार्टीसँग सम्बद्ध त हुनुहुन्न नि ? यदि हुनुहुन्छ भने छाडिहाल्नुस्, वकालत नगर्नुस्। मैले उनीहरूलाई जवाफ दिएको छु- म विदेशमा काम गरिरेहेको एक नेपाली अनुसन्धानकर्ता हुँ। म कुनै पार्टीको कार्यकर्ता होइन। विगतलाई मैले सम्झन थालेँ, हाम्रो समयमा जेनेरेसन वर्गीकारण थिएन। मैले खोज्दै जाँदा म जेनेरेसन 'एक्स'मा पर्दोरहेछु। हामीले पनि परिवर्तन देख्यौँ। पञ्चायती व्यवस्था, राजासहितको बहुदलीय प्रजातन्त्र र पछि आएर गणतन्त्र। यिनै परिवर्तनबिच यो पंक्तिकार हुर्किएको हो।

विज्ञानको विद्यार्थी भएर पनि प्रविधिको प्रयोग भने हाम्रा लागि नितान्त सपना थियो। मैले १९९९ मा एमएस्सी सकुन्जेल कम्प्युटर छुन पाएको थिइनँ। इन्टरनेट प्रणाली के हो, सुनिएको थियो तर प्रयोग गर्ने अवसर मिलेको थिएन। हामी कल्पना गर्थ्यौँ कुनै बेला, मानिसको हातहातमा मोबाइल हुन्छ। मोबाइल आयो, हामी कल्पन्थ्यौँ, कुनै दिन मानिसले आफ्नो अनुहार हेरेरै मोबाइलमा कुरा गर्छन्।

उति बेला हाम्रा सपना पनि अलग थिए। प्रविधिसँगको पहुँच हामीसँग थिएन। विश्व सञ्जालमा हामी जोडिन सकेका थिएनौँ। विज्ञान, प्रविधि र सञ्चारको प्रभाव हामीसँग दुर्लभ थियो। यो अवस्था यही जेनेरेसनका मेरा छोराछोरीलाई सुनाउँदा, अचम्म मान्छन्, दन्त्यकथाझैँ ठान्छन्। समय अहिले यति द्रुतगतिमा बदलिएको छ कि आहिलेका जेनेरेसनको सोच र आशा नै हामीभन्दा धेरै फरक छ। उनीहरूको सम्बन्ध स्मार्ट प्रणालीसँग गाँसिएको छ। एआइसँग जोडिएको छ। अन्तरिक्ष युगवरिपरि घुमेको छ।

राज्य नेतृत्व गरेको पुरानो पुस्ताले अहिलेको द्रुत परिवर्तनलाई नजिकबाट बुझेका छैनन्। हाम्रो पुस्ता भने परिवर्तनको साक्षी हो, तर परिवर्तनसँगै हुर्किएको पुस्ता भने होइन। यो आन्दोलनमा सहभागी भएको पुस्ता स्मार्ट र एआई प्रविधिको विकाससँगै हुर्किएको पुस्ता हो, यसैकारण पनि उनीहरूको सपना हाम्रोभन्दा अलग छ, फरक छ।

विश्वले काँचुली फेरिसक्यो। विज्ञान र प्रविधिको विकास त परै छाडौँ, भविष्य निर्धारण गर्ने सन्दर्भमा समेत हाम्रो शिक्षा प्रणाली पनि आसलाग्दो छैन। हामी अझै कैयौँ दशकअघिकै परिस्थितिमा रुमल्लिइरहेका छौँ। म विज्ञानमा अभिरुचि भएको मान्छे, आफ्नो सपना पूरा गर्ने आधार उति वेला पनि बन्न सकेन, अहिले पनि उही अवस्थामा छ भने यो समयका युवाले त पक्कै सहने भएनन्। भला, सीमित परिवर्तन भए होलान्, तर कटु यथार्थ यही हो।

मेरै पुस्ता पनि विगत तीन दशकयतादेखि पटक-पटक राज्यसञ्चालनमा देखिएका एउटै अनुहार र उही कार्यशैलीबाट वाक्कदिक्क भएको हुनुपर्छ। आसैआसमा हामीले पनि लामो समय बिताएका छौँ। तर, आजसम्म मुलुकमा भएका परिवर्तनलाई नकारात्मक रूपमा भने हेरिनुहुन्न। सकारात्मक पक्ष पनि छन् तिनका।

लोकतान्त्रिक व्यवस्थामा पार्टी महत्त्वपूर्ण हो, प्रजातन्त्रको सही अभ्यासका लागि। हरेक पार्टी र तिनका नेता जनतासामु उत्तरदायी हुनुपर्छ। राष्ट्र र राष्ट्रियताका लागि सदैव अघि सर्नुपर्छ भन्ने मेरो बुझाइ हो। राज्यको नेतृत्व गर्न युवापुस्ता अनिवार्य सहभागी हुनुपर्छ, त्यसका लागि पार्टी 'प्लाटफर्म' हुन सक्छ, तर नेतृत्वमा गएपछि राजनीति मुलुकको हितमा हुनपर्छ न कि राजनीतिक प्रतिशोध, पद टिकाउ र पार्टीको हितका लागि। तर, राजनीति राष्ट्रका लागि कहिल्यै देखिएन। यसको अर्थ यो होइन- नेताहरू सबै खराब छन्। प्रणाली सही छ, तर अभ्यास गलत भयो।

अर्को प्रसंग के छ भने, नेपाली नेतृत्व वर्ग विदेश भ्रमणमा आउँदा हेपिने गर्छन्, अपमानित हुने गर्छन्, यसको मुलभूत कारण हो आफ्नो पदीय गरिमा र 'प्रोटोकल' भुल्नु। हामी कूटनीतिक रूपमै कमजोर छौँ। विदेश नीति विशेषज्ञताको अभाव छ। छिमेकी मित्र र अलि परका मित्रसँग कस्तो कूटनीतिक व्यवहार गर्ने, कस्तो सम्बन्ध राख्ने र कसरी फाइदा लिने भन्ने स्पष्ट नीति छैन।

मुलुकमा समयले ल्याएका परिवर्तनबाहेक अन्य अनुभव हामीले गर्न पाएका छैनौँ। दक्ष जनशक्तिको ठुलो हिस्सा विदेशतिरै छ। परिश्रमी हातहरू खाडीमा पसिना बगाउन बाध्य भएका छन्। गाउँघर रित्तिएका छन्। जग्गा-जमिन बाँझो हुँदै गएका छन्। रह्यो विकासको कुरा, सडक आउनु, सञ्चार क्षेत्रमा परिवर्तन हुनु, ठुल्ठुला हस्पिटल बन्नु मेरो बुझाइमा विकास होइन। यो त समयसँगै आएको परिवर्तन हो। मुलुक त्यो बेला समृद्ध हुन्छ जब एउटा सामान्य नागरिकले उपचार नपाई अकालमा मर्नुपर्दैन, तिनका सन्तानले सहज रूपमा गुणस्तरीय शिक्षा पाउँछन् र जीवीकोपार्जनका लागि रोजगारी सहज हुन्छ। बलात्कार र हत्याका घटना बढ्दो क्रममा रहेको बारम्बार सुनिन्छन्। नागरिक सुरक्षाको प्रत्याभूति अझै हुन सकेको छैन।

मुलुकमा आशाभन्दा निराशाले जकडेको अवस्था छ। अर्को कुरा, विदेशलाई गन्त्यव्य बनाउनेको संख्यामा सायद आहिले जेनेरेसन जेडकै युवा ज्यादा होलान्। विश्वका विभिन्न मुलुकको यात्राका क्रम यो पंक्तिकारले यही अनुभव गरेको छ। आवश्यक योजना, नीति र अवसरको निर्माण उनीहरूलाई ध्यानमा राखेर तर्जुमा गर्नुपर्ने थियो, त्यो हुन सकेन। किनकि मुलुकमै रहेर उनीहरूले आफ्ना सपना पूरा गर्ने अवसर अझै देखेका छैनन्। यसैले भर्खरै भएको युवाको आन्दोलन चरम निराशाको भयानक विस्फोटन होभन्दा अत्युक्ति नहोला।

दर्जनौँ युवाको सहादतबाट भर्खरै भएको परिवर्तन नेपालको इतिहासमा अविस्मरणीय उदाहरण हो, नमेटिने क्षण हो, किनकि नेतृत्वकर्ता सही दिशामा हिँडेनन् भने कुनै दिन उनीहरू लखेटिनेछन् भन्ने ठुलो प्रमाण पनि हो। ठुलो परिवर्तनका लागि सहादत र क्षतिले नै योगदान पुऱ्याएको हुन्छ, उनीहरूलाई सम्मान दिन र कदर गर्न हामीले कहिल्यै भुल्नुहुन्न।

ठुल्ठुला क्षति भएका छन्। भएका दस्ताबेज खरानी भएका छन्। अमूल्य राष्ट्रिय सम्पदा ध्वस्त भएका छन्, त्यसको जिम्मेवारी कसले लिने ? उत्तर सहज छैन। राष्ट्रिय सम्पत्तिमा भएको क्षतिको घाटा पनि हामीले नै व्यहोर्नुपर्छ। कानुनभन्दा माथि कोही पनि छैनन्। क्षति पुऱ्याउनेहरूलाई कारबाही पनि गरिनुपर्छ।

घटनाक्रमले मुलुकलाई बर्बर बनाउन कसैले अप्रत्यक्ष रूपमा फाइदा लिइरहेको शंका पनि नगरी रहन सकिँदैन। किनकि ध्वस्त गरिएका सम्पदाले त्यसतर्फ नै इंगित गरेको छ। अहिले मुलुकका हरेक क्षेत्रमा बेथिति छन्। जसले जे गरे पनि हुने अवस्था छ। प्राज्ञिक, वैज्ञानिक र शैक्षिक सबै क्षेत्रको अवस्था चुनौतीपूर्ण छ। यो परिस्थितिबाट मुलुकमा आमूल परिवर्तन हुन सक्छ, तर अवस्था त्यति सहज छैन। अर्को कुरा सही परिवर्तनका लागि सहिद भएका र होमिएका युवाको आवाज कतै ओझेलमा त पर्ने होइन- त्यसतर्फ पनि युवावर्ग सचेत हुनु उत्तिकै आवश्यक छ।

मुलुक अझै शून्य अवस्थामा छ। जनमानसमा दुवै अवस्था छ, आशाको पनि र शंकाको पनि, राज्यको नेतृत्व कसरी जान्छ भनेर। सँगसँगै ठुल्ठुला चुनौती पनि उत्तिकै छन्। मुलुकलाई गति दिन युवा सहभागिता पनि उत्तिकै आवश्यक छ, र परिपक्व वर्गको पनि। मात्र खाँचो रह्यो कुशल र परिपक्व नेतृत्वको। अब पनि मुलुकको राजनीतिलाई स्थिर बनाएर, समृद्धिका लागि गति नपक्रने हो भने र पुरानै अवस्था सिर्जना गरेर नेतृत्वमा पुरानै पद्धति सुरु भयो भने मुलुकका लागि पक्कै हितकर हुनेछैन। यो अवसरको सही सदुपयोग हुनु जरुरी छ।

यसैले सचेत युवाको निर्णयले नै अब मुलुकको भविष्य निर्धारण गर्छ। उनीहरूले पक्कै सोंच्नेछन्। यसैले मुलुकलाई गति दिन अलमलिने अवस्था छैन, त्यसैले समुन्नतिका लागि प्रतिबद्ध, दूरदर्शी, र स्वच्छ छवि भएकाहरूले अब नेतृत्व सम्हाल्नुपर्छ- यो नै अहिलेको आवश्यकता हो। दर्जनौँ युवाको बलिदान र संघर्षबाट प्राप्त यो अवसर भोलिको इतिहासमा बलियो पाठ बनेर अंकित हुनेछ। युवाको सपना पूरा हुने आधार खडा हुनेछन्। हामीले यही आशा गर्नुपर्छ।

*(डा. कट्टेल चाइना एकेडेमी अफ साइन्स, बेइजिङका वैज्ञानिक हुन्। यो उनको निजी विचार हो।)*

*नयाँ पत्रिकाबाट*

# लुटपाट गरेको दुई लाख नगद र सुनचाँदी फिर्ता



नेपालगञ्ज। बाँकेको कोहलपुर नगरपालिका-११ स्थित राजस्व अनुसन्धान कार्यालयमा भएको आगजनीपछि लुटपाट गरिएको नगद रकम, सुन र चाँदी फिर्ता गरिएको छ।

राजस्व अनुसन्धान कार्यालय कोहलपुरबाट लुटपाट गरिएको रु दुई लाख ५२ हजार नगद, ४२१ ग्राम सुन तथा नौ किलो चाँदी कोहलपुरका जनप्रतिनिधि, समाजसेवीको पहल तथा इलाका प्रहरी कार्यालय कोहलपुरको सक्रियतामा फिर्ता गरिएको इप्रका, कोहलपुरका प्रहरी नायब उपरीक्षक लक्ष्मी खनालले जानकारी दिइन्।

राजस्व अनुसन्धान कार्यालयबाट लुटिएको रकम र सुनचाँदीमध्ये सोमबार रु एक लाख १७ हजार र ८४ हजार भारतीय रुपैयाँ इलाका प्रहरी कार्यालय, कोहलपुरमा फिर्ता गरेको उनले बताइन् । उक्त रकम, सुन र चाँदी पीडित परिवारलाई फिर्ता गरिएको छ।

'जेनजी पुस्ता'को आन्दोलनका क्रममा जिल्लाका अधिकांश सरकारी कार्यालयमा आगजनी र लुटपाट भएको थियो।

प्रहरीले आइतबार पनि कोहलपुर नगरपालिका-२ बाट रु सात लाख ६६ हजारसहित कोहलपुर-५ का १९ वर्षीय प्रयास लम्साल, २० वर्षीय युवल बलायर र नेपालगञ्ज उपमहानगरपालिका-१८ का २६ वर्षीय ऋषिकेश मिश्रलाई पक्राउ गरेको थियो।

# दाँत किन दुख्छ ?

नेपालमा पछिल्लो समय दाँत किराले खाने समस्या बढ्दै गएको छ। मुख तथा दाँतसँग सम्बन्धित विषयमा जनचेतना बढ्दै गए पनि खस्रो तथा रेशादार खाद्यपदार्थको सेवन कम र गुलियोजन्य खाद्यपदार्थ तथा प्याकिङ गरिएका जंग फुडको सेवन बढी भएका कारण यो समस्या बढ्दै गएको पाइन्छ।

दाँत दुख्दा कतिपय अवस्थामा अनुहार सुन्निने, टाउको दुख्नेलगायतका समस्या निम्तिने गर्छन् । साधारणतया अत्यधिक तातो वा चिसो खानेकुरा खाँदा, दाँत सफा नगर्दा, क्याल्सियमको कमी, ब्याक्टेरियल संक्रमण वा दाँतको जरा कमजोर हुँदा दाँत दुख्ने गर्छ।

साथै बुद्धि बंगारा आउने क्रममा पनि दाँत असाध्यै दुख्ने गर्दछ । दाँतको दुखाइबाट बच्ने उपायहरुः दाँतमा टाँस्सिने खालका खानेकुरा कम र रेसादार खानाहरु जस्तैः फलफूल र हरियो सागपात सेवन बढी गर्ने।

- फ्लोराइडयुक्त टुथपेस्टले दिनको दुई पटक दुई मिनेटसम्म ब्रस गर्ने र डेन्टल फ्लसको मद्दतले अड्किएको खाना निकाल्ने।
- खाना खाइसकेपछि राम्रोसँग कुल्ला गर्ने।
- दाँतमा अड्किएका खानाहरु सिङ्काले नकोट्याउने ।

-नियमित रुपमा मुख तथा गिजाको जाँच दक्ष दन्त चिकित्सकसँग गराउने र दाँतको स्केलिङ (प्रोफेसनल क्लिनिङ) गराउने। - सुर्तीजन्य पदार्थको सेवन नगर्ने र अत्यधिक मात्रामा मध्यपान सेवन नगर्ने । के समस्या भएको छ, त्यो अनुसार उपचार गर्नुपर्छ।



दाँत सधैँ सफा राख्नुपर्छ। रोगको राम्रोसँग समयमै उपचार गऱ्यो भने ठूलो प्रक्रियामा जानुपर्दैन।

अहिले पाठेघर क्यान्सर बढी भनिए पनि मुखको क्यान्सर धेरै बढिरहेको छ। दाँत हल्लिएको छ र वास्ता गर्नुभएको छैन भने भित्र अटोमेटिक क्यान्सर भइसकेको पनि हुन सक्छ । त्यसैले समयमा नै उपचार गर्नुपर्छ।

# किन गरिन्छ विश्वकर्मा पूजा ?



हरेक चाड-पर्वको आ-आफ्नै महत्त्व र विशेषता हुन्छ । हरेक पर्व मनाउनुको पछाडि त्यसको धार्मिक, सांस्कृतिक, सामाजिकसँगै वैज्ञानिक कारण पनि हुन्छन् ।

आज विश्वकर्मा पूजा । विश्वकर्मा पूजा भन्नसाथ हामी विभिन्न कलकारखाना, पार्टपूर्जा, यन्त्रको पूजाआजा गर्छौं । आखिर किन यसो गरिएको होला ?

आज १ असोजका दिन भगवान विश्वकर्माको जन्म दिन हो । त्यसैले आज उनको पूजा गरिन्छ । जनकपुरधाम क्षेत्रमा बिहानैदेखि पानी परिरहेको छ पूरै सडक जलमग्न छन्, दर्जनौं घरमा पानी पसेको छ, तर भक्तजनले त्यसको परवाह गरेनन् । सबै पूजामा लागे । अराध्यदेवको पूजा भएकाले पानी परेकै कारण आफूहरु नरोकिएको नेपाल उद्योग वाणिज्य संघका प्रदेश २ का अध्यक्ष शिवशंकर साह हिराले बताए। हिन्दु संस्कृतिमा विश्वकर्मालाई यन्त्रको देवता मानिन्छ। उनले यन्त्रको प्रयोग गरी मानव समाजलाई भौतिक चरम सुखमा पुर्‍याउनका लागि विभिन्न कार्य गरेका थिए। प्राचीन समयमा स्वर्ग लोक, लंका, द्वारिका, हस्तिनापुरजस्ता स्थानका रचयिता भगवान विश्वकर्मा नै भएको बताइन्छ।

यस दिन सबै कार्यस्थल, कारखाना, कम्पनी आदिमा सबै मेसिन र औजारहरुको पूजा गर्ने गरिएको छ । भनिन्छ, भगवान विश्वकर्मा एक देवता थिए, जसले ब्रम्हान्डको निर्माण गरेका थिए। उनी भगवान ब्रम्हाका पुत्र थिए र ईश्वर रहने सबै स्थानको निर्माण उनै विश्वकर्माले गरेका थिए भन्ने आम मान्यता छ । ईश्वरको उड्ने खालका विमान र सबै प्रकारका शस्त्र पनि विश्वकर्माले बनाएका थिए। विश्वकर्मा पूजाको दिन उनलाई सबैले सम्झिन्छन् । 'यस दिन सबै कार्य बन्द गरेर उनको पूजा गरिन्छ र अझ धेरै कार्य तथा समृद्धिको कामना गरिन्छ,' पण्डित विद्यानन्द झाले भने-'आजको युगका आधारमा उनी त्यो समयका इन्जिनियर थिए। हिन्दु धर्ममा उनलाई निर्माण र सिर्जनाका देवता मानिन्छ।'

विश्वकर्मालाई देव शिल्पी विश्वकर्मा पनि भनिन्छ । उनको जन्म दिनलाई नेपाल मात्र नभएर भारत र अन्य हिन्दु धर्म मान्ने देशहरुमा विश्वकर्मा जयन्ती अथवा विश्वकर्मा पूजाको नामले पनि चिनिन्छ । 'देव शिल्पी विश्वकर्माले नै देवताहरुका लागि महल, अस्त्रशस्त्र, आभूषण आदि बनाउने काम गर्थे, त्यसैले उनी देवताका पनि आदरणीय थिए।'- मैथिलीका साहित्यकार एवं संस्कृतिविद् डा. राजेन्द्र विमलले भने ।

**जन्म प्रशंग**

सृष्टिको रचनाको प्रारम्भमा भगवान विष्णु क्षीर सागरमा प्रकट भएका थिए । विष्णुको नाभी-कमलबाट ब्रह्मा उत्पन्न भएको धार्मिक ग्रन्थमा उल्लेख छ । ब्रह्मा पुत्रको नाउँ धर्म थियो, जसको विवाह वस्तु नाउँका महिलासँग भएको थियो। धर्म र वस्तुको संसर्गबाट सात पुत्रको जन्म भएको थियो। सातै पुत्रको नाउँ वास्तु राखियो जो शिल्पशास्त्रको कलामा पारागंत थिए । वास्तुको एउटा छोरा भयो जसको नाउँ यसै कारणले भगवान विश्वकर्मा राखियो। जसलाई प्रथम इन्जिनियर र मेसिनका देवता भनिन्छ। भगवान विश्वकर्माको अनेक रूप रहेको बताइन्छ। दुई बाहु भएका, चार बाहु एवं दस बाहु भएका तथा एक मुख, चार मुख एवं पञ्चमुख भएका। उनको मनु, मय, त्वष्टा, शिल्पी एवं दैवज्ञ नाउँका पाँच पुत्र थिए।

यस्तो पनि मान्यता छ कि पाँचै छोरा वास्तु शिल्पको छुट्टाछुट्टै विधामा पारगंत थिए र उनीहरुले धेरै कुरोको आविष्कार गरेका थिए। यस प्रशंगमा मनुलाई फलाम, मयलाई काठ, त्वष्टालाई ताम्बा, शिल्पी ईँट र दैवज्ञलाई सुन-चाँदीले जोडिन्छ।

**विश्वकर्माको कृति ?**

इन्द्रको सर्वाधिक शक्तिशाली अस्त्र बज्रको निर्माण विश्वकर्माले नै गरेका थिए। शास्त्रका अनुसार भगवान विश्वकर्माले सृष्टिको रचना गर्न ब्रह्मालाई सहयोग गरे र संसारको रुपरेखाको नक्सा तयार गरेका थिए।

रामायणमा वर्णन गरिएअनुसारको रावणको सुनको लंका विश्वकर्माले नै बनाएका थिए । भगवान शिवले पार्वतीसँग विवाह गरेपछि विश्वकर्माबाट सुनको लंका निर्माण गर्न लगाए । शिवले रावणलाई गृह पूजनका लागि बोलाए। पूजा पश्चात रावणले भगवान शिवसँग दक्षिणाको रुपमा सुनको लंका मागे । त्यसैले शिवले सो लंका रावणलाई दिएका थिए। सीताको खोजीमा लंका जाँदा हनुमानले उक्त सुनको लंका जलाइदिएका थिए। त्यसपछि फेरि रावणले विश्वकर्मालाई बोलाएर सुनको लंकाको पुनर्निर्माण गराएका थिए। उनले पाताल, मध्यलोक र स्वर्गलोक गरी तीनै लोकको निर्माण गरे। इन्द्रप्रस्थ जुन महाभारतका पाण्डवको भव्य महल थियो, द्वारका भगवान कृष्णको नगरी थियो। पुष्पक विमानको निर्माण पनि भगवान विश्वकर्माले नै गरेको विभिन्न ग्रन्थमा उल्लेख छ।

यसका अतिरिक्त देवताहरुको दैनिक उपयोगमा आउने समानहरु पनि उनले नै बनाएका थिए, कर्णको कुण्डल, विष्णु भगवानको सुदर्शन चक्र, शंकर भगवानको त्रिशूल र यमराजको कालदण्ड आदि।

**विश्वकर्माको पूजा किन गर्ने ?**

देव शिल्पी भएकाले भगवान विश्वकर्मा मेसिनरी तथा शिल्प उद्योगसँग सम्बन्धित व्यक्तिहरुका लागि प्रमुख देवता मानिन्छन् । वर्तमान अवस्थामा कुनै पनि व्यक्तिले बिहानदेखि साँझसम्म कम्प्युटर, मोटरसाइकल, कार, मोबाइल, पानी तान्ने मोटर, मिल, टिभी अन्य बिजुलीका उपकरण आदि मेसिनरी उपकरणको प्रयोग गर्छन् । भगवान विश्वकर्मा यी सबै व्यक्तिहरुका लागि देवता हुन् । यसै कारण वर्तमान युगमा विश्वकर्माको महत्त्व पनि उत्तिकै बढी छ।

'पहिले शिल्पकारहरुले मात्र उनको पूजा गर्ने गरेकोमा हाल घरघरमा उनको पूजा हुन थालेको छ ।'- सांस्कृतिविद चन्द्रमोहन झा पड़वा भन्छन् । विश्वकर्माको पूजा गर्ने हो भने मेसिनरी सामानले लामो समयसम्म आफूलाई साथ दिन्छ र आफूलाई धोका दिँदैन भन्ने मान्यता छ। आफूले प्रयोग गर्ने कुनै पनि मेसिनरी सामग्रीलाई राम्रोसँग सफाई गरेमा नै विश्वकर्मालाई खुसी तुल्याएको ठहर्ने जनविश्वास छ। भगवान विश्वकर्माको जयन्ती वर्षाको अन्त्य र शरद ऋतु प्रारम्भ हुने बेलामा मनाउने गरिन्छ। ज्योतिष शास्त्रका अनुसार यो दिन सूर्य कन्या राशिमा प्रवेश गर्छन् । सूर्यको गति अंग्रेजी तारिखसँग सम्बन्धित हुन्छ। त्यसैले कन्या संक्रान्ति पनि प्रत्येक वर्ष १७ सेप्टेम्बरमा पर्छ। प्रायः यही दिन पर्ने भएकाले विश्वकर्मा जयन्ती पनि १७ सेप्टेम्बरमा मनाइन्छ । हाम्रो नेपालमा १ असोजमा मनाउने परम्परा रहेको छ।

विश्वकर्मा पूजाको दिन खासगरी औद्योगिक क्षेत्र, कारखाना, फलामका पसल, सवारी साधन सोरुम, सर्भिस सेन्टर, वर्कसप आदिमा पूजा गरिन्छ। यस दिन मेसिन सफा गरेर रंगरोगन गरी पूजा गरिन्छ। विश्वकर्मा पूजाका दिन मेसिनमा काम गर्न नहुने मान्यता भएकाले यस्ता कलकारखाना बन्द हुन्छन् । नेपालमा पनि विश्वकर्मा पूजा गर्ने संस्कृतिको विकास भइरहेको छ। कुनै पनि मेसिनरी कार्य गर्नेहरुले उनको पूजा गर्छन् । कुनै कार्यको शुभारम्भ गरेका बेला विश्वकर्माको पूजा अनिवार्य भएको जनकपुरधामका औषधी व्यवसायी प्रमोद अग्रवालको भनाइ छ।

विश्वकर्मा भगवानका बारे भगवान महादेवले ब्रह्मा र विष्णुलाई सृष्टिको सृजना र पालनको भिन्दाभिन्दै जिम्मेवारी दिएका थिए। सृष्टिको सृजना गर्ने आफ्नो जिम्मेवारी निभाउन ब्रह्माले आफ्नो वंशजदेव शिल्पी विश्वकर्मालाई आदेश दिए। विश्वकर्मालाई विश्वकै सबैभन्दा पहिलो इञ्जिनियर र वास्तुकार पनि मानिन्छ। उनले पाताल, मध्यलोक र स्वर्गलोक गरी तीनै लोकको निर्माण गरे।

भगवान विश्वकर्माको महत्त्व यो कुराले पनि प्रष्ट पार्छ कि उनको महत्त्वको वर्णन ऋग्वेदमा ११ ऋचा लेखेर गरिएको छ।

उनको अनन्त र अनुपम कृतिमा सत्ययुगमा स्वर्गलोक, त्रेतायुगमा लंका, द्वापयुगमा द्वारिका र कलियुगमा जगन्नाथ मन्दिरको विशाल मूर्ति आदि रहेका छन्।

जसको सम्पूर्ण सृष्टि र कर्म व्यापार हो उनीहरु विश्वकर्मा हुन् । सजिलो भाषामा भन्ने हो भने यो सृष्टिमा जुन कर्म सृजनात्मक हो, जुन कामले जीवको जीवन सञ्चालित हुन्छ, उनीहरु सबैको मूल विश्वकर्मा हो । 'त्यसैले उनको पूजनले प्रत्येक व्यक्तिलाई प्राकृतिक ऊर्जा दिन्छ र काममा आउने सबै बाधा अड्चनहरुलाई तोडिदिन्छ भन्ने विश्वास रहेको छ ।'- सांस्कृतिवद् डा. भोगेन्द्र झा भन्छन्।

द्वापर युगमा भगवान् कृष्णलाई राक्षसले दुःख दिएपछि विश्वकर्माले समुद्रको बिचमा 'भेद द्वारका' बनाइ लुकाएको धार्मिक विश्वास छ। एकै रातमा समुद्रको बिचमा 'भेद द्वारका' को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रुपमा मानी त्यसै समयदेखि पूजाआजा गर्ने परम्परा बसेको छ।

प्राचीन भारत वर्षका चारदिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षक देवताका रुपमा समेत मानिन्छ । विश्वकर्माले निर्माण गरेको 'भेद द्वारका' अहिले पनि भारतको गुजरात राज्यमा समुद्रका बीचमा रहेको छ । विश्वकर्मालाई वास्तु विद्याका विशिष्ट ज्ञाताका रुपमा समेत मान्ने गरिन्छ।

विश्वकर्मा बाबाको पूजा गरी उनको विद्वताको सम्मान गर्ने र यसो गरेमा आफूमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वासका साथ पूजा गरिन्छ।

आजको दिनलाई वास्तुविद्ले वास्तु दिवसका रुपमा समेत मनाए। हिन्दु धर्मालम्बीले औद्योगिक क्षेत्र, कलकारखाना, उद्योगहरु तथा विभिन्न फलामे औजारमा विश्वकर्मा पूजा गरे। कलकारखाना, उद्योगधन्दा, मर्मतकेन्द्र, ग्यारेज, सवारीसाधन र यन्त्रसँग सम्बद्ध स्थलमा बिहानै सरसफाइ गरी ध्वजापताका, रंगीचंगी माला रिवनको प्रयोग गरी विश्वकर्माको फोटो राखी विशेष पूजा गरिएको थियो । विश्वकर्माको सम्बन्धमा एउटा कथा पनि लोकप्रिय छ । प्रचलित कथामा भगवान विश्वकर्माको महत्त्वलाई स्थापित गरिएको जानकारहरु बताउँछन्।

कथाअनुसार वाराणसीमा धार्मिक व्यवहारबाट चल्नेवाला एउटा रथकार आफ्नो पत्नीको साथ बस्थे । आफ्नो कार्यमा उनी निपुण थिए । तर, विभिन्न स्थानमा घुम्दा अत्यधिक मेहनतपछि खानुबाहेक अन्य सम्पत्ति जोड्न सकेका थिएनन् । पति जस्तै पत्नी पनि पुत्र नभएका कारण चिन्तित थिइन् । पुत्र प्राप्तिका लागि विभिन्न साधु-सन्तकहाँ पनि जान्थे, तै पनि उनको यो इच्छा पूरा भएको थिएन । त्यसैबेला उनको एक छिमेकी ब्राह्मणले रथकारको पत्नीलाई सल्लाह दिए, 'तिमी भगवान विश्वकर्माको शरणमा जाउ, तिम्रो ईच्छा पूरा हुनेछ।'

'यसपछि रथकार एवं उनकी पत्नीले अमावस्या तिथिमा भगवान विश्वकर्माको पूजा गरे, जसबाट उनीहरुलाई धन-धान्य र पुत्र रत्नको प्राप्ति भयो र उनीहरु सुखी जीवन व्यतीत गर्न लागे।'- कथामा उल्लेख छ।

**जनार्दनले...**

उनले जेनजी आन्दोलनबारे गरेको संश्लेषण र विगतदेखि पार्टीमा उठाउँदै आएका मागबारे पुनः पार्टी पंक्तिमा छलफल थालेका छन् । उनले गत साउनमा बसेको केन्द्रीय समिति बैठकमा पनि प्रचण्डमाथि प्रश्न उठाएका थिए। तर त्यसलाई बहुमतले अस्वीकृत गरेको थियो।

प्रचण्ड पक्षकाले भने जनार्दनमाथि पार्टीमा अराजकता मच्चाएको आरोप लगाउने गरेका छन्।

जेनजी आन्दोलनबारे जनार्दनले संश्लेषण र आगामी बाटोबारे बुँदागत धारणा राखेका छन्।

जेन जी आन्दोलनले थिग्रिएको भ्रष्टाचारयुक्त राजनीति, सँस्कृतिमाथि प्रहार गरेकाले त्यसको सकारात्मक संश्लेषण गर्नुपर्छ। दलतन्त्र, नेतातन्त्र, कमिसनतन्त्र र दलालीका सबै पाटापक्ष उजागर गरेकाले अब देशलाई नयाँ ढंगले अगाडि बढाउने बाटो खोलेको छ । वर्तमान सरकारलाई सहयोग गर्दै निर्वाचनमा जाने वातावरण बनाउनुपर्छ । पार्टीभित्र सम्पत्ति छानबिनबारे विगतदेखि राखेको माग कार्यान्वयन गर्न स्वतन्त्र व्यक्तिको नेतृत्वमा आयोग गठन गर्नुपर्छ । २०४६ पछि पदमा बसेका सबै क्षेत्रका निवृत्तहरुको सम्पत्ति छानबिन र जेनजी आन्दोलनमा जनधनको क्षतिबारे उच्चस्तरीय आयोग बनाउन अहिलेको सरकारसँग माग गर्नुपर्छ । पार्टीको मूल नेतृत्वले तत्काल राजीनामा दिनुपर्छ । नेतृत्व निर्वाचन प्रणाली प्रत्यक्ष निर्वाचितको मोडेलमा लैजानुपर्छ। कुन पदमा कुन व्यक्ति कति पटक बस्ने भन्ने ठोस र स्पष्ट नीति बनाउनुपर्छ। वर्तमान निर्वाचन प्रणाली अन्त्य गरी पूर्ण समानुपातिक निर्वाचन प्रणालीमार्फत संसद् निर्माणका लागि राजनीतिक बहस प्रारम्भ गर्नुपर्छ। प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको कुरालाई जोडदार रूपमा उठाउनुपर्छ । पार्टीभित्रका दलित महिलाका समस्याहरू समाधानका लागि स्पष्ट दृष्टिकोण निर्माण गर्नुपर्छ। साँस्कृतिक बिचलन, यौन अराजकता जस्ता घटनाक्रमको छानबिन गर्नुपर्छ। शहीद, बेपत्ता परिवार र घाइते योद्धा तथा अशक्त र वृद्ध वृद्धाहरूको संरक्षणसम्बन्धी नीति तय गर्नुपर्छ।

श्रम र आर्थिक उत्पादनसम्बन्धी पार्टीको नीति, योजना र कार्यक्रममार्फत् सबैलाई स्वरोजगार बनाउन अभियान सुरु गर्नुपर्छ। राष्ट्रियता गम्भीर संकटमा रहेकाले राष्ट्रियताको रक्षाका लागि सतर्कतापूर्वक पार्टीपंक्तिलाई सचेत राख्नुपर्छ। उपयुक्त लक्ष्य पूरा गर्न सो अनुसारको संगठन बनाउनुपर्छ।


## अन्धकारमुक्ति वचत तथा ऋण सहकारी संस्था लिमिटेड रामपुर पाल्पाको २७ औं वार्षिक साधारण सभा र संचालक समितिको गठन तथा निर्वाचन हुने सम्बन्धि सूचना ।

अन्धकारमुक्ति वचत तथा ऋण सहकारी संस्था लिमिटेड रामपुर पाल्पाको संचालक समितिको बैठकको निर्णय र संस्थाको बार्षिक कार्ययोजना अनुसार निम्न तालिकामा उल्लेखित मिति, समय र स्थानहरुमा देहायका बिषयहरुमा छलफल, राय, सल्लाह, सुझाब संकलन तथा निर्णय प्रमाणित गर्नका लागि यस संस्थाको एकाईगत २७ औं बार्षिक साधारण सभा तथा संचालक समिति, लेखा सुपरीवेक्षण समितिको गठन तथा निर्वाचन हुने भएकाले सदस्यज्यूहरुले आफु आवद्ध रहेको क्षेत्र तथा सेवाकेन्द्रमा संचालन हुने एकाई गत साधारण सभामा उपस्थित भई आफ्नो राय सल्लाह सुझाब दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभामा प्रस्ताव पेश हुने मूख्य मूख्य बिषयहरु :**

१. आ.व.०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत छलफल र अनुमोदन गर्ने सम्बन्धमा।
२. आ.व.०८१/०८२ को लेखा सुपरीवेक्षण समिति, ऋण उपसमितिको प्रतिवेदन पास स्वीकृत सम्बन्धमा।
३. आ.व.०८२/०८३ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. आ.व.०८२/०८३ को वार्षिक प्रतिवेदन र चालु आ. व. को प्रस्तावित कार्ययोजना, अनुमानित बजेट प्रस्तुत र अनुमोदन गर्ने सम्बन्धमा।
५. शेयर लाभाशंकोष, संरक्षित पुँजीफिर्ताकोष वितरण उपर छलफल र अनुमोदन गर्ने सम्बन्धमा।
६. संचालक समितिद्धारा गरिएको निर्णय र त्यसको कार्यान्वयनको अनुमोदन गर्ने सम्बन्धमा।
७. आगामि वर्षको नयाँ कार्यक्रम संचालन गर्न संचालक समितिमा अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा।
८. संस्थाको निति, नियम र कार्यविधिहरु स्वीकृति तथा शंसोधन अनुमोदन गर्ने सम्बन्धमा।
९. संस्थाको स्थिर सम्पत्ति खरीद गर्ने सम्बन्धमा।
१०.असुल उपर गर्नु पर्ने संस्थाको लेना रकम कानुनि प्रकृयाबाट असुल उपर गर्ने सम्बन्धमा।
११. सहकारी एकीकरण सम्बन्धमा।
१२. ऋण अपलेखन स्वीकृत सम्बन्धमा।
१३. विनियम शंसोधन सम्बन्धमा।
१४. सम्पत्ति सुद्धिकरण निवारण नियमावली सम्बन्धमा।
१५.साधारण सभाको निर्णयहरुमा प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्वन्धमा।
१६. मासिक तलव तथा पारिश्रमिक लगायतका सेवा सुविधा साथै कर्मचारी दरवन्दी अनुमोदन तथा स्वीकृती गर्ने सम्बन्धमा।
१७. संचालक समीति, लेखा सुपरीवेक्षण समिति गठन तथा निर्वाचन सम्बन्धमा।
१८. सदस्यहरुबाट प्राप्त राय सल्लाह सुझाब लगाएत विविध बिषयहरुमा।

**एकाईगत साधारण सभाको कार्यक्रम तालिका :**

| क्र.स. | सेवाकेन्द्र वा एकाईगत साधारण सभा | साधारण सभा संचालन हुने स्थान | मिति | समय |
|---|---|---|---|---|
| १ | ताहुँ सेवाकेन्द्रमा आवद्ध सदस्यहरुको लागि | रम्भा मा. वि. को सभाहल ताहुँ बजार | २०८२/०६/२२ गते बुधबार | ११बजे |
| २ | जव्गादी सेवाकेन्द्रमा आवद्ध सदस्यहरुको लागि | जनशान्ति मा. वि.को सभा रामपुर-९, अर्वसिंह | २०८२/०६/२२ गते बुधबार | ११ बजे |
| ३ | निस्दी गाउँपालिकामा आवद्ध सदस्यहरुको लागि | जनता मा. वि. को सभाहल ढुङ्गानाबेसी, गल्धा | २०८२/०६/२२ गते बुधबार | ११ बजे |
| ४ | रामटार सेवाकेन्द्रमा आवद्ध सदस्यहरुको लागि | थोत्रिवारी खुल्ला मञ्च रामपुर - १० | २०८२/०६/२२ गते बुधबार | ११ बजे |
| ५ | सहयोगी सेवाकेन्द्र र केन्द्रीय कार्यालयमा आवद्ध सदस्यहरुको लागि | शहीद बहुमुखी क्याम्पस प्राङ्गण | २०८२/०६/२४ गते शुक्रबार | ११ बजे |
| ६ | निर्णय प्रमाणित सहितको साधारण सभा (एकाई गत साधारण सभाबाट छनौट भई आउने सदस्यहरु मात्र सहभागी हुन सक्ने) | संस्थाको सभा हल रामपुर, ७ | २०८२/०७/०१ गते गते शनिबार | ११ बजे |

**नोट :**

❖ सम्पूर्ण सदस्यहरुले आफूलाई पायक पर्ने सेवाकेन्द्र स्तरीय एकाईगत साधारण सभामा सहभागि भई आ-आफ्नो राय सल्लाह सुझाब दिन सक्नुहुने व्यवस्था गरिएको छ भने निर्णय प्रमाणित सहितको साधारण सभामा सेवाकेन्द्र स्तरीय साधारण सभाबाट छनौट भई आउने सदस्यहरु मात्र सहभागि हुन सक्ने व्यवस्था गरिएको छ।
❖ निर्णय प्रमाणित सभामा सहभागी हुने संख्या सहकारी विभागले जारी गरको साधारण सभा संचालन कार्य व्यवस्था वमोजिम हुनेछ।
❖ संचालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्बन्धि कार्यसुँचि र बार्षिक प्रतिवेदन सम्बन्धि जानकारी स्थानिय रेडियो, टेलिभिजन, स्थानिय पत्र-पत्रिका, सामाजिक संजाल मार्फत जानकारी गरिनेछ भने संस्थाको ध्भदकष्तभ मा गएर पनि हेर्न सकिने छ।
❖ संचालक समितिको निर्वाचन सम्बन्धि कार्यक्रम तालिका निर्वाचन उपसमितिले निर्धारण गरे अनुसार हुनेछ।

**अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
रामपुर, पाल्पा फोन नंः ०७५-४०१०३०, ४०१०३१
email : andhakarmuki5@gmail.com



## Satyawati Rural Municipality
## Office of Rural Municipal Executive
Johang , Gulmi
Lumbini, Province

### Invitation for Bids IFB:IFB/03-2082-83

**Date of publication: Ashoj 1, 2082 (17 September, 2023)**

1. Office of Satyawati Rural Municipality, Johang , Gulmi invites electronic bids for Purchase of Goods from eligible bidders under Sealed Quotation Bidding procedure.

| S.N | Contract No. | Description | Bid Security (Nrs.) | Bid Document Fee (Nrs.) | Bid Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | SRM/Medicines/ Goods/01-2082-83 | Supply and Delivery of Medicines and Medical Related Goods for Satyawati Rural Municipality | 80,000.00 | 1,000.00 | Time: 13.00 PM Ashwin 22 2082 (08 October, 2025) |

2 .Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.

| Information to deposit the cost of bidding document in Bank: | Information to deposit the cost of Bid Security in Bank |
|---|---|
| Name of the Bank: Kumari Bank<br>Name of Office: Satyawati Rural Municipality,<br>Account Name: Ga.1.1 ANTARIK RAJASHWA KHATA<br>Account No. : 2690247957400010 | Name of the Bank: Kumari Bank<br>Name of Office: Satyawati Rural Municipality,<br>Account Name: GA 3 DHARAUTI K SATYAWATI<br>Account No. : 2690247957400003 |

Chief Administrative Officer



## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# आगजनी र तोडफोड आपराधिक समूहद्वारा भएको हो: पूर्वमन्त्री त्रिपाठी



**गौरीशंकर शंकर जयसवाल**
*परासी*

जनता प्रगातिशिल पार्टीका केन्द्रीय अध्यक्ष तथा पूर्वमन्त्री हृदेश त्रिपाठीले नेताहरुको व्यक्तिगत सम्पतीममा भएको आगजानी आपराधिक समूह र तस्करहरुले गरेको बताएका छन् ।

जेनजी प्रदर्शनको क्रममा नेताहरुको व्यक्तिगत सम्पतीमा भएको आगजनी आपराधिक समूह र तस्काहरुलाई करबाही गर्न प्रशासनसँग माग गरेका छन् ।

पूर्वमन्त्री, लुम्बिनी प्रदेश सांसद एवम् पूर्वमन्त्री देव कलवार तथा प्रतापपुर गाउँपालिका अध्यक्ष उमेशचन्द्र यादवले संयुक्त रुपमा मंगलबार परासीमा पत्रकार सम्मेलन गर्दै त्रिपाठीले जेनजी प्रदर्शनकारीहरुले हाम्रो व्यक्तिगत घरहरु तोडफोड आगजनी नगरेको बताउँदै नितान्त आपराधिक समूह र तस्करहरुको समूहले गरेको बताए ।

उनले निर्वाचन क्षेत्र नं.१ मा जुन प्रदेश सांसद तथा गाउँपालिका अध्यक्षलाई लक्षित गरी नेताहरुको व्यक्तिगत सम्पतीमा भएको आगजनी आपराधिक समूह र तस्करहरुले घटना गरेका छन् उनीहरुलाई खोजी गरी प्रशासनले करबाही गर्न हामी तीन जनाले संयुक्त रुपमा किटानी जाहेरी दिएको बताउँदै ती आपराधिक समूह र तस्करहरु पहिचान गरी सकेको उक्त भिडियो क्लिप समेत प्रहरी प्रशासनलाई दिइएको त्रिपाठीको भनाइ थियो ।

प्रशासनलाई हामीले एक हप्ताको समयसीमा समेत दिइएको भन्दै प्रशासनले एक हप्ताभित्र त्यस्ता आपराधिक समूह र तस्करहरुलाई नसमाते जनताबाट जनकार्बाही गर्ने चेतवानी उनले दिए ।

उनले अझै पनि नेताहरु सुध्रिएन भने योभन्दा फरक स्थिति नेपालमा नआउन बेर छैन, त्यसैले अब नेता सुध्रिनुपर्ने आवश्यक रहेको त्रिपाठीको भनाइ छ । अहिले देश जटिल अवस्थामा रहेकोले नेताहरु यसलाई निकास दिन सबै एक जुट भएर देश र संविधानको रक्षा गर्नतर्फ अग्रसर हुनपर्ने उनले बताए ।

यस्तै लुम्बिनी प्रदेशका पूर्वमन्त्री देवकरण कलवारले देशमा सुख, शान्ति, समृद्ध होस् र अन्यायमा परेको व्यक्तिहरुले न्याय पाउन सरकारसँग माग गरेका छन् । 'नेताहरुको व्यक्तिगत सम्पतीमा भएको आगजनीमा संग्लन व्यक्तिहरुलाई सत्यतथ्य छानबिन गरी कानुनी कठघारमा उभाउन प्रशासनलाई भनेका छौं ।'

-कलवारले भने । त्यस्तै प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवले नेताको व्यक्तिगत सम्पतीमाथि गरिएको आगजानी तथा तोडफोडमा संग्लनमाथि प्रशासन कर्बाहीको माग गरिएको बताए ।

जिल्लामा भदौ २४ गते जेनजी प्रदर्शनको क्रममा करिब ५० वटा बढी सर्वजनिक सम्पती, निजी र संस्थाका संरचनामाथि तोडफोड र आगजनी भएको थियो । जेनजी प्रदर्शनको क्रममा रामग्राम नगरपालिका, बर्दघाट नगरपालिका, सुनवल नगरपालिका, प्रतापपुर गाउँपालिका, नेताहरुका निजी सम्पती, घरहरुमा स्थानीय तह, वडा कार्यालय, जिल्ला समन्वय समिति, मन्त्री, पूर्वमन्त्रीको घरमा आगजनी र तोडफोड भएको थियो ।

# जेनजी शहीदप्रति प्रदेश सरकारद्वारा श्रद्धाञ्जली




दाङ । लुम्बिनी प्रदेश सरकारले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त गरेका शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा मंगलबार बसेको बैठकले सहादत प्राप्त शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली, परिवारजनमा गहिरो समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरेको हो ।

यस्तै, प्रदेशको शान्ति सुरक्षा कायम राख्न सहयोग गर्ने राष्ट्रसेवक कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग तथा नागरिक समाजले खेलेको भूमिकाप्रति धन्यवाद ज्ञापन गरिएको छ । आन्दोलनका क्रममा प्रदेशभित्र भएको क्षतिको विवरण संकलन गर्न सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिइएको छ ।

बैठकले असोज ३ गते संविधान दिवस प्रदेशभर मनाउने र प्रदेश राजधानी परिसरमा दिवस समारोहको जिम्मेवारी आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई दिने निर्णय गरेको उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री सिता शर्मा चौधरीले जानकारी दिनुभएको छ ।

# मानवअधिकार आयोगको ९ बुंदे सूचना




बुटवल । राष्ट्रिय मानवअधिकार आयोगले मुलुकमा पछिल्लो समय विकसित घटनाक्रम र त्यसको निकास प्रयासलाई नजिकबाट नियालिरहेको भन्दै नौ बुँदे सूचना जारी गरेको छ ।

आयोगका प्रवक्ता टीकाराम पोखरेलले एक विज्ञप्ति जारी गर्दै नयाँ सरकार गठन समेत भइसकेको भन्दै यस्तो आग्रह गरेका हुन् ।

आयोगले जेन-जी प्रदर्शनका क्रममा मृत्यु भएकाहरूको पोस्टमार्टम, दाहसंस्कार तथा पीडित परिवारलाई राहतलगायतका कार्यमा विशेष ध्यान दिन र देश, जनता, लोकतन्त्र, मानव अधिकार र विधिको शासनलाई केन्द्रमा राखी सबै सरोकारवालाहरूको सहभागितामा आगामी कार्यहरू अगाडि बढाउन आग्रह गरेको छ ।

यस्तो छ आयोगको अनुरोधः- जेन-जी प्रदर्शनका क्रममा मृत्यु भएकाहरूको पोस्टमार्टम, दाहसंस्कार तथा पीडित परिवारलाई राहतलगायतका कार्यमा विशेष ध्यान दिन,- देश, जनता, लोकतन्त्र, मानव अधिकार र विधिको शासनलाई केन्द्रमा राखी सबै सरोकारवालाहरूको सहभागितामा आगामी कार्यहरू अगाडि बढाउन, अन्यौलपूर्ण अवस्थालाई तात्त्विक निष्कर्षमा पुऱ्याउन सबैले धैर्य र संयतपूर्वक अगाडि बढ्न,- आफ्ना अभिव्यक्तिहरू सार्वजनिक गर्दा अरूको अधिकारको सम्मान गर्दै शिष्टता र नम्रतापूर्वक सम्प्रेषण गर्न तथा द्वन्द्व-हिंसालाई प्रश्रय दिने अभिव्यक्ति नदिन, आफ्ना मागहरू लोकतान्त्रिक विधि र प्रक्रिया अनुरूप शिष्टतापूर्वक राख्न, विकसित परिस्थितिमा आम सर्वसाधारणको मानव अधिकारको उपभोगमा आइपर्ने अवरोधहरूको पहिचान गरी त्यस्ता अवरोधहरू हटाउन प्रभावकारी कार्य गर्न,सङ्कटको अवस्थामा हुन सक्ने कालोबजारी र कृत्रिम अभावलाई नियन्त्रण गरी दैनिक उपभोग्य सामग्री र सेवालाई सुचारू रूपले सञ्चालन गर्न तथा आम नागरिकहरूको आवतजावतलाई सहज बनाउन, प्रदर्शनको क्रममा भएका आगजनी र तोडफोडबाट भएको क्षतिको विवरण सङ्कलन गरी भौतिक पुनर्निर्माण र सेवा प्रवाहमा जोड दिन र सङ्कटपूर्ण अवस्थालाई सामान्यीकरण गर्न सबै सङ्घसंस्था र नागरिक समाजले जिम्मेवार नागरिकको आफ्नो दायित्व पूरा गर्न आयोगले अपील गरेको छ ।

## बडादसैं:
# टीकाको उत्तम साइत ११:५३ मा



बुटवल । यस वर्षको बडादशैंको टीकाको उत्तम साइत असोज १६ गते बिहान ११:५३ बजे रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

२०८२ सालको बडादशैं असोज ६ गतेदेखि सुरु हुन्छ । ६ गते घटस्थापना हो । बिहान ९ बजेर १३ मिनेटमा घटस्थापनाको साइत रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले मंगलबा जारी गरेको सूचनामा उल्लेख छ ।

## जेनजी आन्दोलन:
# नवलपुरमा ५० वटा भौतिक संरचना र ४३ वटा सवारी साधनमा क्षति

**रामकुमार श्रेष्ठ**
*नवलपुर*

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा नवलपुरमा पनि तोडफोड र आगजनी भएको छ । अहिलेसम्म तोडफोड र आगजनीको पूर्ण विवरण नआइपुगे पनि यहाँ तथ्यांक संकलन कार्य तिब्र पारिएको छ । आन्दोलनकारीले नवलपुरमा नेता तथा जनप्रतिनिधिहरुको निजी घरदेखि सरकारी कार्यालय, सरकारी सवारी साधन, प्रहरी कार्यालय र पार्टी कार्यालयसम्ममा क्षति पुऱ्याएका छन् ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक मधु नेपालले अहिलेसम्म पनि क्षति संकलन कार्य भइरहेको जानकारी दिएका छन् ।

जेन जी पुस्ताको आन्दोलनका क्रममा नवलपुरमा ५० वटा भौतिक संरचना र ४३ वटा सवारी साधनमा क्षति भएको छ ।

प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले दिएको जानकारी अनुसार निजी आवास भवन २० वटा, तीन वटा पालिका र ६ वटा वडासहित नौ वटा स्थानीय तहका भवन, पार्टी कार्यालय १६ वटा, दुईवटा प्रहरी चौकी, मौलकालिका केवल कारसहित व्यवसायिक भवन दुई वटा, सामाजिक विकास कार्यालयको भवन एउटा गरी ५० वटा भवनमा आगजनी र तोडफोड भएको छ ।

त्यसैगरी ४३ वटा सवारी साधनमा आगजनी र तोडफोड भएको छ । जसमध्ये चारपांग्रे र दुई पांग्रे गरी स्थानीय तहका २१ वटा, निजी सवारी साधन १४ वटा र आठ वटा सरकारी सवारी साधन गरी ४३ वटामा तोडफोड र आगजनी गरिएको प्रजिअ पाण्डेले जानकारी दिए । प्रदर्शनकारीले ७ वटा साइकलमा पनि आगजनी गरेका छन् ।

यो तोडफोड र आगजनीबाट कति क्षति भयो भन्ने एकिन भइसकेको छैन । प्रजिअ पाण्डेका अनुसार तोडफोडबाट भएको क्षतिको मूल्यांकन गर्नका लागि प्रदेश पूर्वाधार कार्यालयका इञ्जिनियर कृष्ण आचार्यको नेतृत्वमा प्राविधिक समिति गठन गरिएको छ । पाँच सदस्यीय उक्त समितिलाई आगामी शुक्रबारसम्ममा प्रतिवेदन बुझाउन भनिएको पाण्डेले जानकारी दिए ।

**कावासोती नगरपालिकामा ४८ लाखको क्षति**

यसैगरी जेनजी आन्दोलनको क्रममा कावासोती नगरपालिकामा भएको तोडफोड र आगजनीबाट करिब ४८ लाख बराबरको क्षति भएको छ ।

कावासोती नगरपालिकाका अनुसार क्षतिको यकिन मूल्यांकनका क्रममा उक्त क्षति भएको जानकारी प्राप्त भएको हो । कावासोती नगरपालिकामा ४७ लाख ५८ हजार १ सय १० रुपैयाँ ३९ पैसा क्षति भएको जनाइएको छ ।

जेनजी आन्दोलनको क्रममा कावासोती नगरपालिकामा दुई वटा कोठाको कागजपत्र तथा फर्निचरहरु जलेर नष्ट भएको थियो । त्यसैगरी दुई वटा स्कारपियो र कार एवम् २ वटा वाइक र स्कुटीमा पनि क्षति भएको थियो । त्यसैगरी सिसालगायतका अन्य संरचनाहरुमा पनि क्षति भएको कावासोती नगरपालिकाले जनाएको छ ।

# आज नेपालभर सार्वजनिक बिदा

बुटवल । गृह मन्त्रालयले 'जेनजी' आन्दोलनका क्रममा ज्यान गुमाउनेहरूको सम्मानस्वरूप राष्ट्रिय शोक मनाउन आज सार्वजनिक बिदा दिएको छ ।

मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले मंगलबार एक विज्ञप्ति जारी गरी मन्त्रिपरिषद्को यही भदौ ३० गतेको निर्णयअनुसार आज असोज १ गतेलाई सार्वजनिक बिदा घोषणा गरिएको जानकारी दिए ।

जारी विज्ञप्तिमा भनिएको छ-"भदौ २३ र २४ गते जेनजी पुस्ताद्वारा भएको प्रदर्शनका क्रममा ज्यान गुमाउने मृतकहरूको सम्मानस्वरूप राष्ट्रिय शोक मनाउन असोज १ गते बुधबार नेपालभरका सरकारी कार्यालय, विदेशस्थित नेपाली दूतावास र नियोगहरूमा सार्वजनिक बिदा दिने र राष्ट्रिय झण्डा आधा झुकाउने नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भएको बेहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।"

# जेनजी आन्दोलनका मृतकको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि



बुटवल । जेनजीहरू आन्दोलनका क्रममा ज्यान गुमाएकाहरूलाई राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । पशुपति आर्यघाटमा मंगलबार गृह तथा कानुनमन्त्री ओमप्रकाश अर्याल, ऊर्जामन्त्री कुलमान घिसिङले राष्ट्रिय झण्डा ओढाएर सम्मान गरेका हुन् ।

मृतकका परिवारका सदस्य र आफन्तहरूले शवयात्रासहित शव आर्यघाट पुऱ्याएका थिए । आर्यघाटमा मृतकका शवलाई सुरक्षा निकायले सलामीसहित सम्मान पनि गरेको छ ।

सरकारले जेनजी आन्दोलनमा मृत्यु भएकाहरूलाई शहीद घोषणा गर्ने, राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गर्ने र राष्ट्रिय शोक स्वरूप असोज १ गते सार्वजनिक बिदा दिने लगायतका निर्णय गरेको थियो ।

सोही अनुसार, उनीहरूको सम्मानका साथ अन्त्येष्टि गरिएको हो ।जेन जी आन्दोलनका क्रममा हालसम्म ७२ जना बढीको ज्यान गएको छ ।

# फागुन २१ को चुनावको प्रारम्भिक तयारी सुरु




बुटवल । प्रतिनिधिसभा विघटन भई आगामी फागुन २१ गते निर्वाचनको मिति घोषणा भएपछि निर्वाचन आयोगले प्रारम्भिक तयारीका काम सुरु गरेको छ ।

यसअघि आगामी कात्तिक १७ गतेका लागि निर्धारित रूपन्देही निर्वाचन क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम रद्द गरी मध्यावधि निर्वाचनका लागि आयोगले प्रारम्भिक तयारी सुरू गरेको हो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचन घोषणासँगै सरकारसँगको औपचारिक परामर्श र अन्य व्यवस्थापकीय तयारी तथा योजना तर्जुमा सुरू भएको बताए । नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले निर्वाचनका लागि आवश्यक पर्ने रकमको प्रबन्ध हुनेगरी बजेट परिमार्जित गर्ने घोषणा गरिसकेका छन् ।

यही भदौ २३ २४ गते भएको 'जेनजी पुस्ता'को आन्दोलन र यसबाट उत्पन्न परिस्थितिका कारण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई यही भदौ २७ गते प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । त्यही दिन प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरेका थिए ।

मध्यविन्दु नगरपालिका नवलपरासी (ब.सु.पू)द्वारा जारी गरिएको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ॥

प्रथम पटक प्रकाशित मिति २०८२/०६/०१

मालपोत कार्यालय कावासोती नवलपरासी (ब.सु.पू) को चलानी नं ६०१ मिति २०८२/०४/२९ को प्राप्त पत्रानुसार जग्गा धनि यम बहादुर सारु मगरको नाउँमा दर्ता रहेको साविक वेनीमणीपूर ६ कि.नं.६ क्षेत्रफल ०-४-११ को जग्गा धनि प्रमाण पूर्जा अरुणोदय ब.सहकारी संस्था लि. च.नं.४०५ मिति २०४८/०३/२१को प्राप्त पत्रबाट जग्गा रोक्का देखिएको हुनाले उक्त जग्गा फुकुवा गर्नुपर्ने हो वा होईन खुलाई पठाई दिनुहुन भनि लेखि आएको हुनाले मध्यविन्दु नगरपालिकाको कार्यालय चोरमाराबाट च.न. ३१३ मिति २०८२/०५/२ मा वडा नं १४ को कार्यालयमा सत्य तथ्य बुझि जग्गा धनि पूर्जा फुकुवा गरि दिदा पछि सम्म फरक पर्छ पर्दैन भनि पत्र पठाईएको र वडा कार्यालयको च.नं. १७८ मिति २०८२/०५/१८ गतेको वडा सिफारिस समेत नगरपालिकामा दर्ता भई उक्त सिफारिस पत्र अनुसार यम बहादुर सारु मगरलाई जग्गा धनि पूर्जा फुकुवा सिफारिस गरिदिनु भनि लेखि आएको हुनाले मध्यविन्दु १४ निवासी थाहा नभएको नाती भुवन सिं सारु मगर को छोरा यम बहादुर सारु मगरको नाउँमा दर्ता रहेको साविक वेनीमणीपूर ६ कि.नं.६ क्षेत्रफल ०-४-११ को जग्गाधनि प्रमाण पूर्जाबाट बैंक तथा वित्तिय संस्था,सहकारी संस्था काहाँबाट कति पैसा ऋण लिएको थियो र लिएको भए तिर्नुपर्ने रकम चुक्ता भए नभएको आधिकारिक प्रमाण फेला नपरेको हुनाले हाल उक्त अरुणोदय ब. सहकारी संस्था संचालनमा नरहेको र त्यसका संचालक समेत सम्पर्कमा नभएकोले यम बहादुर सारु मगरसँग लिनुपर्ने रकम भएमा सम्बन्धित सरोकारवालाहरुलाई हकदावी सम्बन्धी आधिकारीक प्रमाण सहित सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र मध्यविन्दु नगरपालिकाको कार्यालय, वडा नं १४ को कार्यालय र वडा नं १० को कार्यालयमा निवेदन पेश गर्नुहुन हकदावी सम्बन्धी सुचना प्रकाशन गरिएको छ । अन्यथा जग्गा धनि प्रमाण पूर्जा फुकुवाका लागि मालपोत कार्यालय कावासोतीमा सिफारिस गरिने व्यहोरा जानकारी गरिन्छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com